**सघीय संसद**

**संसदीय सुनुवाई समिति**

**मितिः २०७८/०८/२० गते,सोमबार**

समय : बिहान ११:४५ बजे ।

प्रारम्भ :

अन्त्य :

**बैठक संख्या : ७५**

समितिको आजको बैठक समितिका सभापति माननीय **श्री लक्ष्मण लाल कर्ण**को सभापतित्वमा बस्यो । बैठकमा माननीय सदस्यहरुको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

| क.सं. | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| १. | मा० श्री लक्ष्मण लाल कर्ण (सभापति) | |
| २. | मा० श्री अमृता थापा | |
| ३. | मा० श्री जितेन्द्रनारायण देव | |
| ४. | मा० श्री देव प्रसाद गुरुङ | |
| ५. | मा० श्री नन्दा चपाई | |
| ६. | मा० श्री निरु देवी पाल | |
| ७. | मा० श्री पुष्पा भुसाल (गौतम) | |
| ८. | मा० श्री पूर्ण कुमारी सुवेदी | |
| ९. | मा० श्री भिमसेन दास प्रधान | |
| १०. | मा० श्री शिवकुमार मंडल(केवट) | |
| ११. | मा० श्री सुमनराज प्याकुरेल | |
| १२. | मा० श्री सुरेन्द्र प्रसाद पाण्डे | |

<u>आमन्त्रित</u>

| क.स. | नामथर | हस्ताक्षर |
|---|---|---|
| १. | श्री ज्ञानचन्द्र आचार्य | |
| २. | डा. शंकर प्रसाद शर्मा | |
| ३. | प्रा. श्रीधर खत्री | |

**निर्णय :**

१. नेपाल सरकार परराष्ट्र मन्त्रालयको प.सं. GA/OA/ ०७८/०७९, च.नं. २७४६, मिति २०७८/०७/१२ को पत्रानुसार संयुक्त अधिराज्य, गणतन्त्र भारत र संयुक्त राज्य अमेरिकाका लागि नेपाली राजदूतको पदमा नियुक्तिका लागि क्रमशः श्री ज्ञानचन्द्र आचार्य, डा. शंकर प्रसाद शर्मा तथा प्रा.श्रीधर खत्रीलाई प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को बमोजिम संसदीय सुनुवाईका लागि प्राप्त हुन आएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम २५ र २६ तथा संसदीय सुनुवाई समितिको कार्यविधि, २०७५ बमोजिम प्रस्तावित व्यक्तिहरुको सुनुवाई गर्दा योग्यता, क्षमता र अनुभवको आधारमा उक्त पदका लागि योग्य देखिनुभएको हुँदा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २६ को उपनियम (५) बमोजिम उल्लेखित पदमा नियुक्तिका लागि प्रस्तावित श्री ज्ञानचन्द्र आचार्य, डा. शंकर प्रसाद शर्मा तथा प्रा.श्रीधर खत्रीको नाम सर्वसम्मतिले अनुमोदन गर्ने ।

२. नेपालको संविधानको धारा २९२ बमोजिम विभिन्न मुलुकका लागि प्रस्तावित व्यक्तिको संसदीय सुनुवाईका लागि यस समितिमा नामावली पठाउँदा नेपालको संविधानको धारा ४२ को व्यवस्था बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको मर्म र भावनालाई नेपाल सरकारले आत्ससात गरेको देखिदैन । सो कुरालाई पटक पटक समितिले गम्भीररुपमा ध्यानकार्षण गराउँदा समेत कार्यान्वयनमा आएको देखिदैन । तसर्थ, आगामी दिनमा विभिन्न मुलुकका राजदूतको रिक्त पदमा प्रस्तावित व्यक्तिको सिफारिस गर्दा समितिको मिति २०७८/०८/२० को निर्णय बमोजिम अनुमोदन भएका तीन जना राजदूतको सङ्ख्यालाई समेत गणनामा समावेश गरी संविधानको उक्त धारा बमोजिम समावेशी सिद्धान्त अनुरुप योग्य र सक्षम व्यक्तिलाई पदीय गुणस्तर कायम हुनेगरी सिफारिस गर्न नेपाल सरकारको गम्भीर रुपमा पुनः ध्यानकार्षण गराउने ।

३.समितिको अर्को बैठक अर्को सूचना जारी भएपछि बस्ने गरी आजको बैठक स्थगित भयो ।